नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १८० २०८० साल फागुन ५ गते शनिबार (17 Feb. 2024 Saturday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : लोकतन्त्रबिना आमसञ्चारमाध्यम... ३ पृष्ठमा : अबका चुनावमा कांग्रेसले कुनै दल ३ पृष्ठमा : भारतमा चुनावअघि ...

## अनसनकारीसँग वार्ता र छलफल पश्चात् १ सय २६ दिनपछि तोडियो रिले अनसन



**दैनिक समाचारदाता राजविराज, ४ फागुन ।**
अनसनकारीसँग वार्ता र छलफल पश्चात् रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रस्तावित निर्माणस्थलमा विगत १ सय २६ दिनदेखि जारी अनिश्चितकालीन रिले अनसन शुक्रबार तोडिएको छ ।

अलपत्र परेको प्रतिष्ठानको निर्माण कार्य यथासिघ्र सुरु गर्नुपर्ने, प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिमा रिक्त भएको पदहरु पूर्ति गर्नुपर्ने, आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने लगायतका प्रमुख माग अघि सार्दै संघर्ष समितिको अगुवाइमा रिले अनसनलाई लामो समयदेखि निरन्तरता दिइँदै आएको थियो ।

अनसनकारीको माग सम्बोधन गर्ने क्रममा सरकारले नौ दिनअघि मात्र प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्षमा डा.परशुराम मिश्रलाई नियुक्त गरेको थियो । अघिल्लो दिन मात्र पदभार ग्रहण गरेका डा. मिश्र अनशन स्थलमा पुगि अनसनकारीसँग वार्ता र छलफल गरी अनसन तोडाएका हुन् ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको उपस्थितमा डा. मिश्रबाट केही दिनभित्रै प्रतिष्ठान निर्माण कार्य सुरु गर्ने प्रतिबद्धता आएपछि अनसन तोडिएको संघर्ष समितिका संयोजक रामकुमार दासले बताए । उनले प्रतिबद्धता अनुसारको काम अघि नबढे पुन आन्दोलनमा उत्रिने जानकारी समेत गराएका थिए ।

प्रतिष्ठानका अध्यक्ष डा.मिश्रले प्रतिष्ठानको काम अब छिट्टै अघि बढ्ने बताए । भर्खर जिम्मेवारी सम्हालेको छु, उनले भने, “अब निर्माण कार्य सुरु गर्न लागि परेका छौं ।”

शिलान्यास भएको ३१ महिना बितिसक्दा पनि प्रतिष्ठानको काम हालसम्म अघि बढ्न नसकेको भन्दै स्थानीयबासीद्वारा गठित संघर्ष समितिको अगुवाईमा गत २६ असोजदेखि रिले अनसन थालिएको थियो ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने सरकारको नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्रिपरिषदको बैठकले मधेश प्रदेशको राजबिराजमा गणतन्त्रवादी नेता स्वर्गीय रामराजा प्रसाद सिंहको नाउँमा प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागि २०७८ जेठ २१ गते मन्त्रिपरिषदको बैठकले राजविराज नगरपालिका १० बिरोलमा ६२ बिघा जग्गा उपलब्ध गराउने निर्णय समेत गरेको थियो । जग्गाको टुङ्गो लागेपछि २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठान भवन निर्माणको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । तर शिलान्यास गरेको ३१ महिना बितिसक्दा पनि निर्माण काम सुरु नभएपछि स्थानीयवासी आन्दोलनमा उत्रेका थिए ।

## डिजेल, पेट्रोलको मूल्य बढ्यो

**दैनिक समाचारदाता राजविराज, ४ फागुन ।**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा पुनः मूल्यवृद्धि गरेको छ । बिहीबार राति १२ बजेदेखि लागु हुनेगरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्यवृद्धि गरेको हो ।

पेट्रोल, डिजेल तथा मट्टितेलमा प्रतिलिटर रु दुई रुपैयाँ वृद्धि भएको छ । निगमले हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य भने यथावत राखेको छ ।

निगमले पहिलो, दोस्रो र तेस्रो वर्गका लागि पेट्रोल प्रतिलिटर क्रमशः रु १६९.५०, १७१ र १७२ तथा डिजेल/मटिटेल क्रमशः १५७.५०, १५९ र १६० तोकेको छ ।

## ३५ किलो चरेशसहित दुईजना भारतीय पक्राउ

बारा, ४ माघ (रासस) ।
लागुऔषध चरेससहित दुईजना भारतीय नागरिक पक्राउ परेका छन् । भारत उत्तर प्रदेश, जिल्ला बरेध, दिपाद कोतवाली बस्ने वर्ष ४२ को साफिर अली र सोही ठाँउ बस्ने वर्ष ४४ को मोहमद अबजाललाई पक्राउ गरिएको प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

अभिव्युक्तहरुको साथबाट लागुऔषध ३४ किलो नौ सय ६८ ग्राम चरेस बरामद गरिएको थियो । इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरी टोलीले भारतमा दर्ता रहेको सवारी साधनबाट उक्त परिमाणको चरेस हेटौंडाबाट वीरगञ्जतर्फ लिएर गइरहेको अवस्थामा बरामद गरिएको हो । अभियुक्तहरूलाई लागुऔषध मुद्दा दर्ता गरी बारा जिल्ला अदालत, कलैयाबाट पाँच दिन म्याद थप गरी थप अनुसन्धान थालिएको प्रहरी उपरीक्षक काफ्लेले राससलाई जानकारी दिनुभयो ।

## भवितव्य दुर्घटना राहत कोषको स्थापना गर्न माग

काठमाडौँ, ४ फागुन (रासस) ।
देशभरका यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले भवितव्य दुर्घटना राहत कोषको स्थापना गर्न सरकारसँग माग गरेको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले बिहीबार विज्ञप्ति जारी गरी पछिल्लो समय दुर्घटना बढेकामा दुःख व्यक्त गर्दै भवितव्य दुर्घटनाका लागि राहत कोषको स्थापना गर्न सरकारसँग माग गर्नुभयो ।

महासङ्घले बिहीबार बिहान महेन्द्रनगरबाट यात्रु लिएर काठमाडौँ आउँदै गरेको सुनौलो महाकाली यातायात प्रालिको रात्रि सेवामा सञ्चालित सुपप्र ०२-००१ ख ००९८ नंको यात्रुवाहक बस कपिलवस्तुको शिवराज नगरपालिका-१ मा दुर्घटना हुँदा १० जना यात्रुको घटनास्थलमा मृत्यु हुनाका साथै १५ जना घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेको हो ।

महासङ्घले उक्त भवितव्य दुर्घटनाबाट मृत्यु भएका आम यात्रुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उपचारका क्रममा रहेको घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले भवितव्य रूपमा भएको दुर्घटनाको सत्यतथ्य छानबिनको माग गर्दै मृतकको परिवारलाई उचित क्षतिपूर्ति दिन सरकारसँग आग्रह गर्नुभयो । उहाँले दुर्घटनामा घाइते भएकाको उपचारको जिम्मेवारी लिनसमेत सरकारसँग माग गर्नुभएको छ ।

महासङ्घले देशका विभिन्न भागमा भवितव्य रूपमा हुने सडक दुर्घटनामा केन्द्रीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र मजदुर सङ्गठनको सहभागिता रहने गरी दुर्घटना न्यूनीकरण कार्यदल गठनका लागि सरकारसमक्ष अनुरोध गरेको छ ।

## राजनीतिक दलका नाम, विधान र पदाधिकारीमा भएको हेरफेर तीस दिनभित्र पेस गर्न निर्देशन

काठमाडौँ, ४ फागुन (रासस) ।
निर्वाचन आयोगले राजनीतिक दललाई आफ्नो नाम, विधान, नियम, छाप, झण्डा, चिह्नमा भएको परिवर्तन, संशोधन तथा पदाधिकारीको हेरफेर भएको भए सोबारे ३० दिनभित्र आयोगलाई जानकारी दिन निर्देशन दिएको छ ।

आयागले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम ती विवरण तोकिएको ढाँचामा आयोगलाई उपलब्ध गराउन निर्देशन दिएको हो । राजनीतिक दलले आन्तरिक सङ्गठनका विषयमा भएका त्यस्ता परिवर्तनबारे लामो समयसम्म जानकारी नगराउने प्रवृत्ति रोक्न यस्तो निर्देशन दिइएको आयोगले जनाएको छ ।

आयोगका सहायक प्रवक्ता डा थानेश्वर भुसालद्वारा जारी विज्ञप्तिमा राजनीतिक दलले ती विवरण आयोगबाट स्वीकृत दलको विधानबमोजिम महाधिवेशन वा आयोगको अभिलेखमा रहेको केन्द्रीय

*बाँकी अन्तिम पृष्ठमा*

**वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु**

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अभिभावकको भूमिकामा शिक्षक प्रस्तुत हुनु आवश्यक

बालबालिकाहरुको आफ्नो भविष्य निर्धारण गर्ने बाटो प्रारम्भिक शिक्षा हो। उक्त चरणमा शिक्षकले जसरी ज्ञान दिन्छन् त्यसरी नै उनीहरु ज्ञान हासिल गर्छन्। सँगै शिक्षकहरुले बालबालिकालाई अनुशासनको पाठ पनि सिकाइरहेका हुन्छन्। जसले गर्दा शिक्षाका साथ साथै उनीहरु आफु अनुशासित हुने बारे पनि सबल बन्दै जान्छन्। विद्यालय भनेको शिक्षा हासिल गर्ने मन्दिर हो। यहाँ बालबालिकाहरु आफ्नो प्रारम्भिक शिक्षादेखी लिएर उच्च शिक्षासम्म हासिल गर्छन्। बालबालिकालाई विभिन्न विषयका शिक्षकहरुले ज्ञान दिने कर्तव्य निर्वाहा गरिरहेका हुन्छन्।

विद्यालयमा अभिभावक भनेकै गुरु नै हुन्छन्। तर, शिक्षक शिक्षिका आफै अनुशासित भएनन् भने बालबालिकाहरु पनि अनुशासनहीन बन्न पुग्छन्। शिक्षकले जसरी बालबालिकालाई ज्ञान दिन्छन् त्यसरी नै बालबालिकाहरु अग्रसर हुँदै गइरहेका हुन्छन्। अहिलेको परिपाटीमा शिक्षकहरु पढाई भन्दा बढी राजनीति गर्ने गरेको पाइएको छ। पढाउन छाडेर राजनीति गर्ने थलोको रुपमा विद्यालयलाई प्रयोग गरिरहेका छन्।

यसका लागि विद्यालयमा सबैभन्दा पहिला गुरुहरु गम्भिर बन्नु आवश्यक छ। अनि मात्र उनीहरुकै सिकाईमा बालबालिकाहरु अब्बल बन्न सक्छन्। बालबालिकाको भविष्य निर्माण गर्ने काममा शिक्षकको अब्बल भूमिका हुन्छ। उनीहरु नै सही ढंगले पढाईलाई निरन्तरता दिन सक्दैनन् भने बालबालिका पनि सोही बाटोमा हिड्ने कुरामा दुई मत नहोला। तसर्थ प्रारम्भिक शिक्षालाई बालियो बनाउन शिक्षकहरु अभिभावकको भूमिकामा प्रस्तुत हुनु अत्यन्त आवश्यक छ।

# लोकतन्त्रबिना आमसञ्चारमाध्यम बलियो बन्दैन

**सिद्धराज राई**
काठमाडौँ, ४ फागुन (रासस)।

लोकतन्त्र र उदार समाजवादी व्यवस्थाले दिएको अधिकार क्षेत्रभित्र रही सूचना प्रविधिको तीव्रतर विकासले आमसञ्चारका अनेकन माध्यमहरु आएका छन्। छापामाध्यमदेखि अत्याधुनिक इन्टरनेट सञ्जालसम्म आइपुग्दा आमसञ्चारका माध्यममा आएको आमूल परिवर्तनसँगै सञ्चार प्रक्रियामा पनि व्यापक परिवर्तन आएको छ। एकतर्फी सञ्चारप्रणाली क्रमशः भत्किँदै गइरहेका छन्। यद्यपि, आमसञ्चारको सबैभन्दा पुरानो माध्यम छापालाई नै मानिएको छ।

आमसञ्चारको पुर्खाका रुपमा मानिएको एक्टा डिउना प्रारम्भिक रुप मानिन्छ। इसापूर्व ५९ मा रोमन सम्राट जुलियस सिजरले सर्वसाधारण जनताका लागि सरकारी आदेश, युद्ध र राजपरिवारमा भएको महत्वपूर्ण घटना परिघटनाको जानकारी दिन एक्टा डिउनाको प्रयोग गरेका थिए। यो प्रयोग रोमका सर्वसाधारणलेसमेत गरेका थिए। त्यतिबेला नागरिकप्रति उत्तरदायी र जवाफदेही भएका शासकहरुले गरेको अभ्यास भन्ने गरिन्छ।

आधुनिक छापामाध्यमको प्रारम्भ सन् १४४० मा जर्मन नागरिक जोहानेस गुटेनवर्गले प्रयोगमा ल्याए। उनले पहिलोपटक आधुनिक छापाखानाको आविस्कार गरेका थिए। यसबाट पर्चा, पुस्तकहरु प्रकाशन हुन थाल्यो। छापाखाना आविस्कार भएको दुई शताब्दीपछि मात्र पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ। बेलायतबाट प्रकाशित अम्सटर्डमलाई आधुनिक छापामा प्रकाशित पहिलो पत्रिका मानिए पनि यसको कुनै आधिकारिकता भेटिएको छैन। आधिकारिक प्रमाण भेटिएको पहिलो अङ्ग्रेजी पत्रिका १६ नोभेभर १६६५ मा बेलायतबाट प्रकाशित लन्डन गजेट मानिएको छ।

सन् १९९५ मा मार्कोनीले रेडियो तरङ्गको अविष्कार गरे र पहिलो बेलायतबाट अमेरिकासम्म आवाज पुगेको इतिहास छ। सन् १९२० मा पहिलोपटक अमेरिकाको केडिकेए रेडियोको माध्यमबाट मान्छेको आवाज सुनिएको थियो। सन् १९२२ मा बिबिसी रेडियो सुरुआत भयो। सन् १९२३ मा दक्षिण एशियामा रेडियो सिलोन ( श्रीलङ्का) र सन १९२४ अल इन्डिया रेडियो सुरुआत भएको हो।

छापामाध्यमलाई व्यवसायिकीकरण गर्न पेन्नी प्रेसको ठूलो योगदान छ। विज्ञापनबाट पत्रिका सबल बनाइनु पर्छ भन्ने कुरा पनि यहीँबाट आएको हो। यसपछि मूलतः पश्चिमा देशहरुमै छापामाध्यमको विकास भएको पाइन्छ। एउटा समय क्रममा प्रविधिको विकास भएपनि त्यसले फुल्ने फैलिने मौका भने राजनीतिक व्यवस्थाले प्रत्यक्ष परोक्षरुपमा प्रभाव पारेको देखिन्छ। ती देशहरुको लोकतान्त्रिक शासन र उदार पुँजीवादी अर्थ व्यवस्थाले मिडियाको विकासमा महत्वपूर्ण योगदान गरेको बुझ्न सकिन्छ।

नेपाली पत्रकारिताको विकास क्रमलाई हेर्दा यो देशको राजनीतिक घटनाक्रमलाई सँगै राखेर हेर्नैपर्छ। राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायत भ्रमणमा जाँदा बेलायतमा पत्रिका पढेर सूचना पाएपछि आफू फर्कदा १९०८ सालमा एउटा छापाखाना लिएर आएका इतिहास छ। त्यस छापाखानालाई 'गिद्धे प्रेस' को नामले चिनिन्छ। बेलायतको लोकतान्त्रिक व्यवस्थामा आमसञ्चार माध्यमको प्रभाव देखेरै प्रेस ल्याएको हो भन्न सकिन्छ। अर्थात जुन देशको व्यवस्था लोकतान्त्रिक र उदार छ, त्यहाँ आमसञ्चार माध्यमको तीव्रगतिमा विकास भएको इतिहासले देखाउँछ।

नेपालको शासन व्यवस्थाको तुलानात्मक अध्ययन गर्दा राणा शासनकालमै प्रेस ल्याएर १९५८ सालदेखि गोरखापत्र छपाउन थाले पनि निजीस्तरबाट आमसञ्चारको सुरुआत प्रजातान्त्रिक व्यवस्थामा मात्रै भएको छ। १०४ बर्षे राणा शासनमा पहिलो पत्रिका सुधासागर, शारदा, 'उद्योग, घरेलु इलम, आँखा, जागरणलगायत जम्मा १३ वटा पत्रपत्रिका प्रकाशित भएका थिए, ती सबै साहित्यिक थिए। गोरखापत्र पनि राणा शासन लोकतान्त्रिक प्रधानमन्त्री भनिएका देव शम्सेरको पालामा सुरुआत भएको हो।

तर विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको घोषणा भएपछि नेपालमा समाचारमूलक पत्रिकाको विकास भएको हो। रेडियो नेपालको २००७ चैत्र २० गतेदेखि औपचारिक सुरुआत नै भयो। प्रजातन्त्र आएपछि प्रकाशन स्वतन्त्रता प्राप्त भयो। प्रजातन्त्र प्राप्तिको दोस्रो दिन २००७ फागुन ८ गते नै पहिलो दैनिक पत्रिका 'आवाज' सुरु भएको ग्रीष्मबहादुर देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' २०५९मा उल्लेख छ।

विसं २००७ पछिको २०१७ सालसम्मको यो दशकमा सङ्ख्यात्मकरुपमा पत्रपत्रिका प्रकाशन फस्टायो। यहीबेला नेपालमा समाचार एजेन्सीको प्रारम्भ भयो। विसं २०१८ साल फागुन ७ देखि राष्ट्रिय समाचार समिति(रासस)को सुरुआत भएपनि सगरमाथा संवाद समिति र नेपाल संवाद समिति २०१६ सालमै सञ्चालनमा आइसकेको थियो। तत्कालीन राजा महेन्द्रले आफ्नै हातमा शासन सत्ता लिएर पञ्चायती व्यवस्थाको घोषणा गरेपछि फेरि नेपाली मिडिया धारासायी बन्यो। पत्रपत्रिका प्रकाशनमा कडाइ गरियो। त्यति मात्र होइन, २०१९ साउन १४ गते काठमाडौं मेजिस्ट्रेड अफिसले दैनिक पत्रिका १०, साप्ताहिक पत्रिका ३२, पाक्षिक पत्रिका चार, मासिक पत्रिका ११, द्वैमासिक पत्रिका पाँच र त्रैमासिक पत्रिका तीन गरी जम्मा ६५ वटा पत्रिकाको प्रकाशन रद्द गरेको देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' २०५९ नामक पुस्तकमा उल्लेख छ।

पञ्चायतकालमा पत्रिका प्रकाशन हुने र बन्द हुने निरन्तरता चल्यो। तर २०४६ सालको जनआन्दोलनले प्रजातन्त्रको उदय भयो। विसं २०४७ को 'नेपाल अधिराज्यको संविधान २०४७ ले पत्रपत्रिका प्रकाशनमा संवैधानिक प्रत्याभूति प्रदान गऱ्यो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ मा 'पत्रपत्रिका छापेको आधारमा प्रेसलाई सिलबन्दी नगर्ने, समाचार लेखेकै आधारमा पत्रपत्रिकाको दर्ता खारेजी गर्ने र समाचारमा सेन्सरसिप नगेर्ने' स्पष्ट व्यवस्था गरेको थियो। यही संवैधानिक व्यवस्थाले राष्ट्रिय सञ्चार नीति २०४९ बन्यो। यही कारण नेपालमा प्रजातन्त्र प्राप्तिसँगै पत्रकारिता क्षेत्रमा उभार आयो। तर केही वर्षपछि नै २०५२ सालदेखि सुरु भएको नेकपा माओवादीको सशस्त्र द्वन्द्वका क्रममा विद्रोही र सुरक्षाकर्मीको दोहोरो चपेटामा पऱ्यो। दर्जनौ पत्रकारहरुले ज्यान आहुती दिनु पर्ने कति पत्रकार अझै पनि बेपत्ता छन्।

विसं २०६३ को दोस्रो जनआन्दोलन सफल हुनेबित्तिकै लोकतन्त्र प्राप्तिको आन्दोलनमा सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुँदा अन्तरिम संविधान, २०६३ मा फराकिलो व्यवस्था गरियो। अभिव्यक्ति स्वतन्त्रता र सञ्चारमाध्यमका हकहितका विषयमा नेपालको संविधान २०७२ मा स्पष्ट व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को धारा १९ मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेखरचना वा अन्य कुनै पाठ्य श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन।

त्यस्तै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन प्रसारण गर्ने वा छाप्ने रेडिया, टेलिभिजन, अनलाइन वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भन्ने स्पष्ट व्यवस्था भएपछि नेपालमा आमसञ्चारका माध्यम खुल्ने क्रम तीव्रगतिमा अगाडि बढेको छ।

यी तथ्यलाई अध्ययन गर्दा लोकतात्रिक व्यवस्थामा आमसञ्चार माध्यमको विकास हुने र स्वतन्त्रताको उपभोग गर्न पाइन्ने रहेछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ। लोकतान्त्रिक व्यवस्थाको चार खम्बामध्ये आमसञ्चार एक हो। जनताद्वारा चुनिएको संसद, संसदले बनाएको सरकार, स्वतन्त्र न्यायालयलाई नियम, कानुनअनुसार काम गराउन खबरदारी (वाचडग) गर्ने कार्य आमसञ्चार माध्यमले गर्नुपर्छ। सूचनाको युगमा लोकतन्त्रको चौथो स्तम्भका रूपमा सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेलेको छ। यसले एक निगरानीकर्ताको रूपमा काम गरिरहेको छ। सत्तामा रहेकाहरूलाई जवाफदेही बनाउन र नागरिकहरूलाई सही र निष्पक्ष जानकारी प्रदान गर्न, लोकतान्त्रिक प्रक्रियामा सहभागी बढाउन आमसञ्चारको भूमिका सशक्त हुन्छ र हुनुपर्छ।

लोकतन्त्रमा पत्रिका, रेडियो, टेलिभिजन, अनलाइनसँगै डिजिटल मिडियाको उपभोग गरी विचार राख्ने, कला प्रस्तुति गर्ने र विज्ञापन गर्ने अवसर पाएका छन्। प्रजातान्त्रिक व्यवस्थाले दिएका स्वतन्त्रताको उपभोग गर्दा सामाजिक सद्भाव भड्किने, उच्छृङ्खल्ता प्रदर्शित हुने र कानुनी व्यवस्थालाई नै चुनौती दिने अवस्था आएपछि सरकारले नियमन र नियन्त्रणको प्रयास गर्नु पर्ने बाध्यता आएको महसुस पनि गराएको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भनेको स्वच्छन्दता (छाडातन्त्र) होइन। नियम, कानुनको परिधिभित्र रहेर लोकतन्त्रको मूल्य मान्यताअनुसार राज्य र समाजप्रति उत्तरदायी र जवाफदेही बन्ने विषय हो।

नेपालको सार्वभौमसत्ता र अखण्डताको रक्षा, सबै जाति, भाषा, धर्म, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी

***बाँकी अन्तिम पृष्ठमा***


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569


# अबका चुनावमा कांग्रेसले कुनै दलसँग गठबन्धन गर्नु हुँदैन डा. शेखर कोइराला

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ फागुन ।**

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले अबको निर्वाचनमा कुनै पनि दलसँग गठबन्धन गर्न नहुने बताएका छन् ।

पार्टी कार्यालय सानेपामा जारी केन्द्रीय कार्यसमिति बैठकमा लिखित धारणा राख्ने क्रममा उनले कांग्रेस एक्लैले चुनावमा जाने गरी महासमिति बैठकले निर्णय गर्न सक्नु पर्ने पनि बताएका छन् ।

अब हुने हरेक तहका निर्वाचनमा कांग्रेसले चुनावी गठबन्धन वा तालमेल गर्न नहुने उनले बताए । 'हरेक तहका निर्वाचनमा अबउप्रान्त नेपाली कांग्रेसले कुनै राजनीतिक दलसँग चुनावी गठवन्धन वा तालमेल गर्नु हुँदैन', उनले भने, 'अहिलेको निर्वाचन प्रणालीले कुनै पनि दलको बहुमत आउने सम्भावना देखिँदैन । तसर्थ संविधान संशोधनमार्फत निर्वाचन प्रणाली परिवर्तन गर्न सबै दलहरूसँग संवादका लागि नेपाली कांग्रेसले पहल गर्नु आवश्यक छ ।'



बैठकमा आफ्ना भनाइ राख्ने क्रममा नेता कोइरालाले मन्त्रिपरिषद्ले गरेका नीतिगत निर्णयलाई पनि भ्रष्टाचारसम्बन्धी अनुसन्धानको दायरामा ल्याउनुपर्ने मत राखेका छन् ।

'मन्त्रिपरिषद्ले गर्ने सबै निणर्य नीतिगत नभई विषयगत र प्राविधिक पनि हुन सक्छन् । अनुसन्धान गर्ने निकाय, अदालत र कानुनबीच तालमेल नहुने र मन्त्रिपरिषद्का सबै निणर्यलाई नीतिगत मानेर भ्रष्टाचार छल्ने आधार बनाइन्छ भने लोकतान्त्रिक संविधान र लोकतन्त्र जनआक्रोशले संकटमा पुऱ्याउन सक्छ । यसमा कांग्रेसले बेलैमा विचार गर्नुपर्ने हुन्छ', उनले आफ्नो लिखित मन्तव्यका क्रममा भनेका छन् ।

उनले अब कांग्रेसले इतिहासको गुणगान गरेर मात्रै बस्न नहुने पनि बताएका छन् । 'आफ्नो इतिहासको गुणगान मात्र गाउनु र यथास्थितिमै रमाउने बानी परिवर्तन गरौँ', उनले भनेका छन्, 'सबै समस्यालाई मार्गचित्र सहित भरोसायुक्त समाधान दिने काम गरौँ । कतै हाम्रो असक्षमताका कारणले त निराशा बढिरहेको छैनरु यसबारे सुक्ष्म बिश्लेषण गर्दै सक्षमताको खोजी गरौँ ।'

**बैठकमा के भने ?**

१. महासमिति जस्तो महत्वपूर्ण कार्यक्रममा नेपाली कांग्रेसका २९ वटा संसदीय निर्वाचन क्षेत्र र केही भातृ तथा शुभेच्छुक संस्थाको प्रतिनिधित्व नहुने अवस्था छ । यो गम्भीर बिषयलाई तुरून्त टुङ्ग्याऔँ ।

२. यहाँ प्रस्तुत प्रतिवेदन र दस्तावेजहरू हेर्दा कता-कता गठबन्धनको छाँया परेको हो कि जस्तो देखियो । महासमिति बैठकमा प्रस्तुत हुने प्रस्तावहरू कांग्रेस पार्टीको मौलिकतामा आधारित हुनुपर्थ्यो त्यो देखिएन ।

३. विधान लोकतान्त्रिक पार्टीको मेरूदण्ड हो । कांग्रेस पार्टीको विधानमा धेरै त्रूटीहरू छन, जसले गर्दा सांगठनिक गतिबिधिमा बाधा आइरहेको छ । यो महासमितिको बैठकले 'विधान संशोधन मस्यौदा समिति' बनाएर विधानलाई समयानुकुल परिमार्जन गर्न जरूरी छ ।

४. महामन्त्रीज्यूको सांगठनिक प्रस्तावमा १५औँ महाधिवेशनको कार्यतालिका आएको छ । यो महासमितिको बैठकले त्यो कार्यान्वयनको सुनिश्चिता गरिनु पर्छ ।

५. आएका प्रस्तावहरूमा धेरै राम्रा कुराहरू समेटिएका छन तर यतिले मात्रै युवामा आशा जगाउन सकिदैन । रोजगारी सिर्जना, सुशासन कायम गर्ने, उद्योगी, व्यवसायीका मागहरू संशोधन हुनेगरी थप स्पष्ट हुनुपर्छ ।

६. कृषि क्षेत्रमा मलखाद, सिँचाइ, बजार लगायतका कुराको संशोधन गर्ने गरी थुप्रै रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । त्यसैगरी सूचना, प्रविधि क्षेत्रमा सफ्टवेयर निर्यात, डिजिटल नोम्याड लाई राम्रो वातावरण बनाएर र हाम्रो ऊर्जा र पर्यटन क्षेत्रलाई लगानीको माहोल सिर्जना गरेर दिगो रूपमा रोजगारी सिर्जना गर्न सकिन्छ ।

७. रेमिट्यान्सको व्यबहारिक विकल्प के-के हुन सक्छन् रोजगारीका लागि मात्र नेपालीहरू विदेश जाँदैनन् । रोजगारीसँग नजोडिने सम्पन्नहरू पनि यहाँको वातावरण र निराशा देखेर पढ्न लगायत विभिन्न बहानामा बाहिरिने गर्दछन । यस बिषयमा दस्तावेजमा उचित समाधान देखिएन ।

८. सामाजिक नीतितर्फ सामुदायिक विद्यालयको उत्थान, विश्वविद्याललाई राजनीति मुक्त र कक्षा सञ्चालनमा भन्दा अनुसन्धानमा प्राथमिकता, प्रभावकारी स्वास्थ्य बीमा, वृद्ध भत्तामा पुनरावलोकन, यातायातलाई राज्यको दायित्वमा लिनुपर्ने विषयमा स्पष्टता जरूरी छ ।

९. पर्यटन प्रवर्द्धनमा हामीले जोड दिनुपर्यो। साथै अर्कोतर्फ बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक महत्व बोकेको देशमा धार्मिक पर्यटनलाई बढावा दिने ठोस नीति तथा कार्यक्रम ल्याइनु पर्छ ।

१०. भ्रष्ट्राचार र सुशासनका सम्बन्धमा देशमा व्याप्त भ्रष्टाचार र आर्थिक अनुशासनहिनताले सुशासनलाई सुनिश्चित गर्न सकेको छैन । तसर्थ राज्यको विभिन्न अंगमा फैलिएको भ्रष्टाचारलाई कडाइकासाथ नियन्त्रण गर्नु पर्दछ । मन्त्रिपरिषद्ले गर्ने सबै निणर्य नीतिगत नभई विषयगत र प्राविधिक पनि हुन सक्छन् । अनुसन्धान गर्ने निकाय, अदालत र कानुनबीचमा तालमेल नहुने हो र मन्त्रिपरिषद्का सबै निणर्यलाई नीतिगत मानेर भ्रष्टाचार छल्ने आधार बनाइन्छ भने लोकतान्त्रिक संविधान र लोकतन्त्र जनआक्रोशले संकटमा पुऱ्याउन सक्छ । यसमा कांग्रेसले बेलैमा विचार गर्नुपर्ने हुन्छ । कानुनको नजरमा सबै बराबर हुन् भन्ने मान्यता स्थापित गरिनुपर्छ ।

११. बेरोजगारी समस्या सम्बन्धमा हाम्रो देशको विकास र सुशासनको प्रमुख बाधक बेरोजगारी समस्या र युवा पलायन हो । यसको विस्तृत अध्ययन गरी समस्या समाधानका सूत्र पहिल्याउन एक उच्चस्तरीय कार्यदल बनाउन आवश्यक देखिन्छ ।

१२. सहकारी, वित्तीय संस्था र पीडितहरूको समस्या सम्बन्धमा हालसालै सहकारी र लघुवित्तमा देखिएको देशव्यापी समस्याको परिणाममुखी समाधान खोज्दै पीडितहरूलाई यथोचित न्याय दिनुपर्ने छ । देशको समग्र अर्थतन्त्रमा यस क्षेत्रको योगदानलाई सुनिश्चित गर्न अल्पकालिक र दीर्घकालीन नीति निर्धारण गर्नुपर्ने ।

१३. हरेक तहका निर्वाचनमा अबउप्रान्त नेपाली कांग्रेसले कुनै राजनीतिक दलसँग चुनावी गठवन्धन वा तालमेल गर्नु हुँदैन । अहिले संविधानमा भएको निर्वाचन प्रणालीले कुनै पनि दलको बहुमत आउने सम्भावना देखिँदैन । तसर्थ संविधान संशोधनमार्फत निर्वाचन प्रणाली परिवर्तन गर्न सबै राजनीतिक दलहरूसँग संवादका लागि नेपाली कांग्रेसले पहल गर्ने ।

१४. पार्टी र पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिबीचमा समस्या चुलिँदो छ, त्यसलाई समन्वय गर्न पार्टी तहमै स्थायी संयन्त्र निर्माण गरिनुपर्छ ।

१५. अधिवेशनबाट मात्रै लोकतान्त्रिक पार्टी जीवन्त रहने हुँदा पार्टीका सम्पूणर्ण भ्रातृ एवम् शुभेच्छुक संघसंस्थाहरूको अधिवेशन यथासक्य छिटो गरिनुपर्छ । तदर्थवादबाट संगठन चलाउने मानसिकता त्याग्नु पर्छ ।

१६. जनसम्पर्क समिति स् हामीले डायस्पोरालाई बढी नै मान्यता दियौँ । अब परम्परागत तरिकाले जनसम्पर्क समिति चल्न सक्दैन । यसलाई परिमार्जित तरिकाले चलाउन जरूरी छ । जनसम्पर्क समितिबाट केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व गराउन जनसम्पर्क समिति मध्यबाटै एकजना केन्द्रीय सदस्य निर्वाचित हुने प्रावधान विधानमा राखिनु पर्छ ।

नेपाली जनसम्पर्क समितिको अन्तराष्ट्रिय समिति (विश्व सञ्जाल) बनाई अन्तर्राष्ट्रिय समितिको सभापतिलाई कांग्रेस केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुने व्यवस्था गरौँ ।

जसले गैरआवासीय नेपालीको राहदानी लिएका छन्, सुची तयार गरी उनीहरूको विज्ञता नेपालमा कसरी प्रयोग गर्ने भन्नेबारे पार्टीले विशेष पहलकदमी लिनु पर्छ । गैरआवासीय नेपालीबाट दुईजनालाई आमन्त्रित सदस्यका रूपमा केन्द्रीय कार्यसमितिमा सहभागी हुने व्यवस्था गरिनुपर्छ ।

'यिनै विषयहरूमा अबिलम्ब ध्यान दिई महासमितिको बैठकलाई फलदायी एवम् उपलब्धीमूलक बनाएर अघि बढ्दै अबदेखि पार्टीमा कसैप्रति कुनै प्रकारको अन्याय हुने छैन भन्ने प्रत्याभूति दिन सक्नुपर्छ', उनले अन्तिममा भनेका छन् ।

एबिसी न्युजबाट

## विश्व समाचार

### भारतमा चुनावअघि कर विभागद्वारा विपक्षी दलको रकम रोक्का

नयाँदिल्ली, ४ फागुन (रासस/एएफपी) ।

भारतको प्रमुख प्रतिपक्षी दल भारतीय काङ्ग्रेस पार्टीले राष्ट्रिय निर्वाचनको घोषणा हुनुभन्दा केही हप्ताअघि नै कर विभागले आफ्नो बैङ्क खाता रोक्का गरेको शुक्रबार जनाएको छ । काङ्ग्रेस प्रवक्ता अजय माकनले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीलाई हाम्रो दलको खाता रोक्का गरिएको जानकारी दिइएको छ । माकनका अनुसार भारतको आयकर विभागले आर्थिक वर्ष २०१८/०१९ का लागि आयकर दाखिला गरेको अनुसन्धानको क्रममा दुई अर्ब १० करोड भारु (दुई करोड ५३ लाख अमेरिकी डलर बराबर) को भुक्तानी माग गरेको थियो । पार्टीले त्यस्तो जरिवाना रकम तिर्न कुनै कदम नचालेको भन्दै चुनावअघि नै पार्टीलाई किनारा लगाउने उद्देश्यले यस्तो कदम चालेको उहाँले दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय चुनावको घोषणा हुनुभन्दा दुई हप्ताअघि नै प्रमुख प्रतिपक्षी दलको खाता रोक्का गरिएको छ, के तपाईंलाई लाग्छ कि हाम्रो देशमा लोकतन्त्र जीवित छ ?" आलोचक र अधिकारवादी समूहहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई लक्षित गर्न कानून प्रवर्तन एजेन्सीहरूको प्रयोग गरेको आरोप लगाएका छन् । भारतीय राजनीतिमा दशकौंदेखि प्रभुत्व जमाएका कांग्रेस नेता राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानीको अभियोगमा दोषी ठहर गरिएको थियो । उहाँको दुई वर्षको जेल सजायले उहाँलाई उच्च अदालतले फैसला निलम्बन नगरेसम्म केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो । निलम्बनले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रजातान्त्रिक मुलुकको लोकतान्त्रिक मूल्य मान्यतामाथि प्रश्नचिन्ह खडा गरेको थियो । यद्यपि, अदालतको विपक्षी नेताको पक्षमा देखिएको फैसलापछि उक्त आरोप स्वतः निस्प्रभावी भएको थियो ।

### दिल्लीको आगलागीमा मृत्यु हुनेको संख्या ११ पुग्यो

नयाँदिल्ली, ४ फागुन (रासस/सिन्ह्वा) ।

दिल्लीमा बिहीबार भएको आगलागीमा ज्यान गुमाउनेको सङ्ख्या ११ पुगेको स्थानीय अग्निनियन्त्रण विभागका अधिकारीले शुक्रबार बताउन भएको छ । धिकारीका अनुसार आगलागीका कारण शवहरू पहिचान गर्न नसक्ने गरी जलेकाले मृतकको पहिचान हुन सकेको छैन । आगलागीका सबै पीडितहरू कारखानाका मजदुरहरू थिए । दुर्घटनामा दिल्लीका एक प्रहरी र दुई महिलासहित चार जना घाइते भएका छन् । घाइते सबै जनालाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।आगलागी उत्तरपश्चिम दिल्लीको आवासीय क्षेत्रको छेउमा अवस्थित रङ (पेन्ट) उत्पादन गर्ने कारखानामा भएको हो । आगलागीका कारण वरपरका घरहरू प्रभावित भएका छन् भने अग्निनियन्त्रण विभागका कर्मचारीहरूको निरन्तरको सहयोगमा कम्तीमा चार घण्टापछि शुक्रबार बिहानसम्ममा आगो नियन्त्रणमा आएको थियो । नजिकैका घरहरू तथा पसलहरूमा आगो लागेपछि ठूलो विस्फोटको आवाज सुनिएको तर आगलागीको कारण अहिलेसम्म थाहा हुन नसकेको स्थानीयहरूले बताएका छन् ।

### गाजामा तत्काल मानवीय युद्धविराम गर्न आवाह्न

क्यानबेरा, ४ फागुन (रासस/सिन्ह्वा) ।

मानवीय युद्धविराम गर्नको लागि संयुक्त आह्वान गरेका छन् ।बिहीबार तीन देशका प्रधानमन्त्रीले संयुक्त विज्ञप्तिमार्फत् दक्षिणी गाजा पट्टीको प्यालेस्टिनी सहर रफाहमा इजरायलले भूमि आक्रमण गर्ने योजना बनाएको विषयमा गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनीहरूले करिब १.५ मिलियन प्यालेस्टिनीहरूले शरण लिइरहेको राफाह क्षेत्रमा सैन्य कारबाही विनाशकारी हुने जनाएका छन् । गाजाको मानवीय अवस्था अहिले पनि भयावह भएकाले झनै सैन्य कारबाहीबाट प्यालेस्टिनी नागरिकहरूमा विनाशकारी प्रभाव पर्ने उनीहरूको भनाइ छ । इजरायली सरकारलाई यस्तो मार्गमा अगाडी नबढ्न आग्रह गर्दै उनीहरूले त्यहाँका नागरिकहरूको लागि सुरक्षित जीवन यापनका लागि अन्त कतै जाने ठाउँ नभएको उल्लेख गरेका छन् । मानवीय युद्धविरामको तत्काल आवश्यकता औंल्याउदै उनीहरूले इजरायली र प्यालेस्टिनीहरूका लागि स्थायी शान्ति सुनिश्चित गर्ने बाटो खोज्न दिगो युद्धविराम गर्न आग्रह गरे ।

### अफ्रिकामा लगभग दश करोड बालबालिका तथा युवा विद्यालय बिमुख

आदिस अबाबा, ४ फागुन (रासस/सिन्ह्वा) ।

अफ्रिकामा छ देखि १९ वर्ष उमेर समूहका करिब दश करोड बालबालिका तथा युवाविद्यार्थीहरू विद्यालयबाट वञ्चित भएका कारण सामाजिक रूपमा एकीकृत नभएको शिक्षा, विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि अफ्रिकी युनियन (एयू) का आयुक्त मोहम्मद बेल्होसिनले बिहीबार बताउनुभएको छ । बालबालिका तथा युवाहरू व्यापक जोखिममा रहेकाले आतङ्कवादी समूह, लागुऔषध व्यापारी र मानव बेचबिखनकर्ताहरूले सजिलैसँग प्रयोग गर्ने गरेको इथियोपियामा जारी एयू शिखर सम्मेलनमा बेल्होसिनले बताउनुभयो । तिनीहरूमध्ये धेरै विभिन्न अपराध नेटवर्कमा समाप्त हुने वा अफ्रिकाका अन्य भागहरूलगायत महाद्वीप बाहिर बसाइँ सर्ने गरेको उहाँले बताउनुभयो । उनीहरूलाई व्यावसायिक र प्राविधिक प्रशिक्षणको माध्यमबाट सहयोग गरी स्वरोजगार बन्न आवश्यक सीपहरू प्राप्त गर्न सहयोग गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।अफ्रिकाले कम ग्रेडमा गुणस्तरीय शिक्षा प्रदान गर्नमा अवरोधको सामना गरिरहेको छ । परिणामस्वरूप अफ्रिकाका हरेक १० मध्ये नौ बालबालिकाले १० वर्षको उमेरमा साधारण पढ्न र बुझ्नसमेत असमर्थ भएको आयुक्तले स्वीकार गर्नुभयो ।अफ्रिकालाई सन् २०२३ सम्ममा विश्वव्यापी शिक्षाको पहुँच हाँसिल गर्न करिब ९० अर्ब अमेरिकी डलरको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले कोषलाई पूरा गर्न महाद्वीपलाई विश्वव्यापी सहयोगको आह्वान गर्नुभयो ।

# मधेशका मुख्यमन्त्री यादवले आइतबार विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**जनकपुर, ४ फागुन ।**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई तत्काल विश्वासको मत दिने केन्द्रीय गठबन्धनमा सहमत भएको छ ।

अगामी आइतबार विश्वासको मत लिने तयारीमा मुख्यमन्त्री यादव छन् । आइतबार विश्वासको मत लिने गरी मधेश प्रदेशसभा सचिवालयलाई मुख्यमन्त्री यादवले बिहीबार पत्र पठाइसकेका छन् ।

विश्वासको मतअघि आलोपालो सरकारको नेतृत्व टुंग्याउनु पर्ने लगायतको केही सर्त प्रदेशका सत्ता गठबन्धनका दलहरुले राखेको थियो । तर शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनको बैठकले तत्काल विश्वासको मत गठबन्धनले मुख्यमन्त्री यादवलाई दिने निर्णय भएको नेकपा माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले जानकारी दिए ।

उनका अनुसार मधेश सरकार आलोपालो प्रणालीलगायत अन्य विषयमा पछि बैठक बसेर टुंगो लगाउने सहमति भएको छ । मधेशमा जसपाका यादव मुख्यमन्त्री छन् ।

माघ ९ गते जनमतका दुई मन्त्रीले मधेश सरकार छाड्दै विश्वासको मत फिर्ता लिएपछि ३० दिन भित्र मुख्यमन्त्री यादवलाई विश्वासको मत लिनु पर्ने कानुनी बाध्यता छ । अगामी फागुन ९ गते भित्र विश्वासको लिइ सक्नु पर्ने छ । विश्वासको मतपछि बाँकी दुई मन्त्रालय भागवण्डा गर्ने मुख्यमन्त्री यादवले बताए ।

# अपाङ्गता परिचयपत्रलाई डिजिटल प्रविधिमा ल्याउन जरुरी छ : मन्त्री आचार्य

काठमाडौँ, ४ फागुन (रासस) ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले अपाङ्गता परिचय पत्रलाई डिजिटल प्रविधिमा ल्याउन जरुरी रहेको बताउनुभएको छ ।

राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिको शुक्रबारको बैठकमा राष्ट्रियसभाबाट स्वीकृत भएको अपाङ्गता भएका व्यक्तिको सङ्कल्प प्रस्ताव कार्यान्वयनका विषयमा मन्त्री आचार्यले समयसापेक्ष डिजिटल माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई सहज, सरलरुपमा परिचयपत्र वितरण गर्न जरुरी रहेको बताउनुभयो । त्यस्तै उहाँले सबै अपाङ्गता भएका व्यक्तिलाई न्यायोचित तरिकारले परिचयपत्र वितरण गर्नुपर्ने बताउनुभयो ।

मन्त्री आचार्यले भन्नुभयो, "अपाङ्गता परिचय पत्र वितरणमा विभेद देखिएको छ । पहुँचवालाले पाउने, पहुँच नहुनेले नपाएको अवस्था छ । त्यसकारण परिचयपत्र वितरण न्यायोचित किसिमले गर्ने र डिजिटल प्रविधिमा ल्याउन जरुरी छ ।"

उहाँले अपाङ्गता सहायक सामग्री वितरणमा तीन तहकै सरकारलाई जिम्मा दिनुपर्ने विषयमा मन्त्रालयले छलफल गरिरहेकोसमेत बताउनुभयो । राष्ट्रियसभाबाट स्वीकृत भएको सङ्कल्प प्रस्तावको कार्यान्वयनका लागि अन्तरमन्त्रालयसँग सहकार्य र सम्मन्वय भइरहेको मन्त्री आचार्यले बताउनुभयो ।

समिति सभापति प्रकाश पन्थले ऐन, नियम, कानुन बनाउने काम सकिएकोलेल कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । कानुनमा अधिकार लेख्ने काम सकिएको भन्दै अब अधिकार खोज्ने बेला आएको सभापति पन्थले बताउनुभयो । उहाँले भन्नुभयो, "धेरै ऐन, कानुन निर्माण गर्‍यौँ अब कार्यान्वयन गर्नुपर्नेछ । अपाङ्गता परिचयपत्रको दुरुपयोग भएको छ । यसका लागि वडामा अनलाइनबाटै व्यक्तिगत पहिचान देखिनुपर्ने व्यवस्था गर्नुपर्नेछ ।"

समिति सदस्य वामदेव गौतमले सडक दुर्घटनामा परेर धेरैजसो नागरिक अपाङ्ग हुनुपरेकाले यसको न्यूनिकरणका राजमार्ग प्रहरीको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । "हरेक पाँच किलोमिटरमा सिसिटीभी क्यामरा जडान र यातायात निगरानी गर्न राजमार्गमा छुट्टै प्रहरी व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो, "सरकारले दुर्घटना भएर अपाङ्ग हुने व्यक्तिका लागि निःशुल्क उपचार र आजीवन जीवनयापन गर्न सहयोग गर्नुपर्छ ।"

समिति सदस्य नारायणप्रसाद दाहालले पहुँचका आधारमा अपाङ्गको वर्गीकरण गरेर परिचयपत्र वितरण गर्ने गलत प्रवृत्ति भइरहेको बताउनुभयो । उहाँले अपाङ्गका सहायक सामग्रीको वितरणमा पनि आफ्नो नजिकको मान्छेलाई मात्र दिने गरेको दाबी गर्नुभयो ।

समिति सचिव डा रोजनाथ पाण्डेले अपाङ्गको क्षेत्रमा काम गर्दा संवेदनशील भएर काम गर्नुपर्ने बताउनुभयो । उहाँले सिंहदरबारमा बनेका केही भवनहरु अपाङ्गमैत्री बन्न नसकेको पनि भनाइ राख्नुभयो ।

सांसद कमलादेवी पन्तले अपाङ्गता भएका व्यक्तिका परिवारलाई समेत सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिको गुनासो सम्बोधन गर्न स्थानीय तहमा महिला मन्त्रालयको प्रतिनित्व गर्ने संस्था आवश्यक रहेको औँल्याउनुभयो । सांसद रमेशजङ्ग रायमाझीले ऐन, कानुनको निर्माण गर्ने तर इमान्दारीकाका साथ त्यसको पालना नगर्ने प्रवृत्ति बढेको उल्लेख गर्नुभयो ।

# स्वदेशमै छापिएका हुलाक टिकट प्रचलनमा

काठमाडौँ, ४ फागुन (रासस) ।

चौसठ्ठी वर्षपछि नेपालमै छापिएको हुलाक टिकट शुक्रबारदेखि प्रचलनमा आएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जनक शिक्षा सामग्री केन्द्रमा मुद्रण गरिएका ११ प्रकारका हुलाक टिकटमा प्रकाशनको प्रथम दिवसीय टाँचा लगाउनुभयो ।

हुलाक सेवा विभागले सहिद रामवृक्ष यादव, वाम आन्दोलनकी नेत्री साहना प्रधान, साहित्यक व्यक्तित्व तथा राजनीतिज्ञ नेत्रलाल पौडेल 'अभागी' र प्रजातान्त्रिक आन्दोलनका योद्धा कामी बुढा तथा नई प्रकाशनको रजत जयन्ती, श्रीबला त्रिपुरासुन्दरी देवी मन्दिर, औषधीय गुणले भरिपूर्ण मरेठी र विभिन्न चार प्रकारका जडीबुटी अङ्कित हुलाक टिकट प्रकाशन गरेको हो ।

राष्ट्रिय व्यक्तित्व, महत्त्वपूर्ण जडीबुटी, धार्मिकस्थलका ८० लाख थान हुलाक टिकट प्रकाशन गरिएको विभागका महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिनुभयो । यसअघि भारत, इण्डोनेसिया, लादिभयालगायत मुलुकमा हुलाक टिकट मुद्रण हुँदै आएको उल्लेख गर्दै उहाँले नेपालमै टिकट छापिन थालेसँगै समय र लागत बचत भएको बताउनुभयो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तित्व तथा औषधीय गुणले भरिपूर्ण जडीबुटी, भाषा-साहित्यको क्षेत्रमा क्रियाशील संस्था र प्रसिद्ध धार्मिकस्थलका बारेमा टिकट प्रकाशन गरिएको बताउनुभयो । मुलुकको राजनीतिक परिवर्तनका लागि हजारौँको बलिदान भएको उल्लेख गर्दै उहाँले पछिल्ला पुस्ताले पनि सङ्घर्ष गरेको अघिल्ला पुस्ताका योगदानका बारेमा प्रष्ट हुनुपर्ने बताउनुभयो ।

पूर्वमन्त्री दीनानाथ शर्माले मुलुकको राजनीतिक परिवर्तनमा योगदान दिनुभएको व्यक्तित्व तथा नेपालमा मात्रै पाइने जडीबुटीका बारेमा हुलाक टिकट प्रकाशन गरेर सरकारले प्रशंसनीइ काम गरेको बताउनुभयो ।

पूर्वमन्त्री रामकुमारी झाँक्रीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि अघिल्ला पुस्ताले ठूलो बलिदान गरेको उल्लेख गर्दै पछिल्ला पुस्ताले पनि उक्त योगदानबाट शिक्षा लिनुपर्ने बताउनुभयो ।

### *राजनीतिक दलका ...*

कार्यकारिणी समितिबाट मात्र निर्णय गरी तथा सम्भव भएको अवस्थामा महाधिवेशनबाट अनुमोदन गरी गराई पेश गर्न भनिएको छ ।

राजनीतिक दलहरूले विधानबमोजिम दलको सदस्यता वितरण, केन्द्रीय समितिलगायतका पदाधिकारी तथा सदस्यको निर्वाचन, मनोनयन वा नियुक्ति राजनीतिक दलसम्बन्धी ऐनबमोजिम हुनुपर्ने आयोगको भनाइ छ । ऐनमा उल्लेखित योग्यता पुगेका व्यक्तिलाई मात्र सदस्यता वितरण र निर्वाचन, मनोनयन वा नियुक्ति गर्न पनि आयोगको निर्देशन छ ।

यस्तै दलको सङ्घीय र प्रदेश तहका समितिमा रहने प्रत्येक पदाधिकारीको पद विधानमा किटान गरी तोक्ने, ती पदाधिकारीको निर्वाचन हुने व्यवस्था विधानमा उल्लेख गरी सोबमोजिम निर्वाचनद्वारा पदपूर्ति गर्न भनिएको छ । साथै दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताब देखिने तोकिएको ढाँचामा लेखा अभिलेख राखी बैंकमार्फत कारोबार गर्ने व्यवस्था मिलाउन आयोगले भनेको छ ।

### *लोकतन्त्रबिना...*

सद्भावना र सामञ्जस्यता अभिवृद्धि गर्ने, भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याई राष्ट्रहित र एकतामा अभिवृद्धि गराउने, छिमेकी मुलुक एवं मित्र राष्ट्रसँगको सम्बन्धलाई प्रवर्द्धन गराउने जस्ता कार्य गर्ने दायित्व आमसञ्चारमाध्यम प्रयोगकर्ताको हो । आमसञ्चारको माध्यमलाई गलत उपयोग गर्ने र आफ्नो जिम्मेवारी र सामाजिक उत्तरदायित्व बिर्सने कार्यले लोकतान्त्रिक व्यवस्था र कानुनको उपहास गर्छ । त्यसैले लोकतन्त्रलाई बलियो बनाउनु अहिले अवश्यकता हो । बलियो लोकतान्त्रिक व्यवस्थामा जिम्मेवार र जनउत्तरदायी संसद्, सरकार, न्यायलय र आमसञ्चार हुनुपर्छ । *(लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)*


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगयत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल विबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, वेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*